सर्वोच्च अदालत
काठमाडौं

# सम्माननीय प्रधानन्यायाधीशसँग संयुक्त राष्ट्र संघको आवासीय संयोजकको भेट

सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यू सँग नेपालस्थित संयुक्त राष्ट्र संघको आवासीय संयोजक Ms. Valerie Julliand ले शिष्टाचार भेट गर्न चाहनुभएको व्यहोरा उल्लेख गरी नेपालस्थित संयुक्त राष्ट्र संघको कार्यालयबाट मिति २०७५।११।१३ (तदनुसार २०१९।०२।२५) मा पठाइएको पत्र अनुरुप परराष्ट्र मन्त्रालबाट मिति २०७५।११।२६ मा सर्वोच्च अदालतमा अनुरोध भईआएको थियो।

सोही बमोजिम मिति २०७५।११।३० गते विहान १०:३० बजेका लागि समय तय भई सर्वोच्च अदालतको विशिष्ट कक्षमा सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यू र नेपालस्थित संयुक्त राष्ट्र संघको आवासीय संयोजक Ms. Valerie Julliand बीच शिष्टाचार भेट भयो। शिष्टाचार भेटमा आवासीय संयोजकज्यूले सम्माननीय प्रधानन्यायाधीशज्यूलाई बधाई दिनुका साथै सफल कार्यकालको शुभकामना समेत व्यक्त गर्नुभयो। सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यूले आवासीय संयोजकज्यूलाई धन्यवाद दिदै नेपाल र संयुक्त राष्ट्र संघको सम्बन्ध अझ बढी सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो।

भेटवार्तामा सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार, रजिस्ट्रार, प्रधानन्यायाधीशज्यूको सचिवालयका अधिकृतहरु तथा परराष्ट्र मन्त्रालय लगायत नेपालस्थित संयुक्त राष्ट्र संघका प्रतिनिधिहरु समेत उपस्थित हुनुहुन्थ्यो।

२०७५ साल फागुन ३० गते, विहिबार।